तानसेन नगरपालिका
# तानसेन नगरकार्यपालिकाको कार्यालय
तानसेन, पाल्पा, लुम्बिनी प्रदेश

प.स.२०७६।०७७
च.न १९२४

फोन नं. ०७५ ५२०८९३

**विषय : लेखापरीक्षक नियुक्ती पत्र लिन आउनु हुन बारेको सूचना ।**

मिति २०७७।८।२९

पेज नं. क्र.स. लेखापरिक्षकको नाम, थर (समयमै ले.प.गर्नु हुन)

जिम्मेवारी दिएको विद्यालयको ठेगाना
बोधार्थ : (उपर्युक्त अनुसार लेखापरीक्षण गराउनुहुन)

| | | | | | |
|---|---|---|---|---|---|
| 1 | १ | श्री | लेखापरीक्षक (यस आ.व.मा दरखास्त दिनु भएका सबै) | श्री | सबै तानसेन न.पा. भित्रका सरकारी विद्यालयहरु, |

तानसेन नगरपालिकाको मिति २०७७/८/१९ को निर्णय तथा, शिक्षा नियमावली, २०५९ को परिच्छेद ३० को नियम १७१ (१) बमोजिम आफुलाई जिम्मेवारी दिएको विद्यालयहरुको आ.ब. २०७६/०७७ सम्मको तथा गत विगत आ.व.को बाँकी समेत लेखा परीक्षण गर्न नियुक्त गरीएको छ। सम्बन्धित विद्यालयमा सम्पर्क राखी शिक्षा नियमावली २०५९ को नियम १७२ मा उल्लेखित व्यवस्था, अन्य प्रचलित कानुन र नेपाल लेखा परीक्षण मान अनुसारको सम्पूर्ण प्रक्रिया पुरा गरी निम्न आधारहरु समेतलाई ध्यान दिई नियमानुसार विद्यालय ब्यवस्थापन समिति र शिक्षक अभिभावक संघको रोहवरमा लेखा परीक्षण गर्नुभै मिति २०७७/११/२२ गते भित्र सो को प्रतिवेदन १/१ प्रति विद्यालय र यस कार्यालयमा आफैले पेशगर्नुहुन निर्देशानुसार अनुरोध छ। साथै उक्त कार्यका लागि गर्नु गराउनु पर्ने विषय तपसिलमा उल्लेख रहेको छ , अन्यआवश्यक जानकारी शिक्षा, आर्थिक प्रशासन लगायतको शाखाहरुमा समयै सम्पर्क राख्नु हुन समेत यसै पत्रसाथ सम्बन्धित सबै लेखापरीक्षकहरु, विद्यालयहरु एवं सम्बन्धित सबैको जानकारीका लागि यो सूचना जारी गरिएको छ।

तपसिल:

१) विद्यालयको नगदी, भौतिक र जिन्सी सम्पत्ति विवरण र सो को सुरक्षा तथा संरक्षण स्थिति,
२) तहगत शिक्षक दरवन्दी विवरण, तलव स्केल, ग्रेड, विदाको अभिलेख, स्थायी शिक्षकको ग्रेड भुक्तानी नियमानुसार भए नभएको, कर योग्य हुने शिक्षकहरुको आयकर कट्टी र सामाजिक सुरक्षा कर कट्टी गरी दाखिला भए नभएको ।
३) विद्यालयले शुल्क उठाउने गरेको भए शुल्क विवरण र वि.व्य.स.को निर्णय छ ? छैन ? सोको विवरण ।
४) विद्यालयमा प्राप्त भएको शुल्क, चन्दा, अन्य अनुदान र खर्चमा विद्यालय ब्यवस्थापन समितिको निर्णय भए नभएको,
५) विद्यालयको भवन, शौचालय र मर्मतको रकम निकासा भएकोमा कार्य सम्पन्न प्रतिवेदन, प्राबिधिकबाट मूल्याङ्कन भए नभएको
६) पुस्तकालय, ICT Lab, विज्ञान प्रयोगशाला लगायतका कार्यक्रम परेको भए सामग्री लगायतका विल भुक्तानीमा भ्याट, पान विल प्रयोगगरे, नगरेको तथा अग्रीम आयकर कट्टी भुक्तनी गरे नगरेको ।
७) पाठ्पुस्तक, दलित, छात्रा, अपाङ्ग, तथा आंशिक, गरिव तथा जेहेन्दार छात्रवृत्ति वितरण गरे नगरेको,
८) निकाशा रकम तथा प्राप्त अनुदान, दान दातब्यको रकम सोही आ.व.मा सम्बन्धित शिर्षकमा खर्च भए नभएको,
९) PCF, छात्रबृत्ति र पाठ्यपुस्तकको रकम निर्देशिका र वि.ब्य.स.को निर्णय अनुसार खर्च गरे नगरेको,
१०) निकासा भएका रकमको सम्बन्धीत शिर्षकमा खर्च भए /नभएको, गत विगतको पेश्की बेरुजु फर्स्योटको स्थिति ।
११) शिक्षा नियमावली १७१ (क) अनुसार विद्यालयको सामाजिक परीक्षण भए / नभएको ।
१२) तोकिएको शिर्षकको रकम सोहि बर्ष भुक्तानी तथा वितरण हुन नसकी दायित्व बाँकी रहेको रकमको विवरण राखे/नराखेको ।
१३) शिक्षा नियमावली, २०५९ को नियम १८८ तथा १९३ र अनुसूची २३ बमोजिमको आर्थिक कारोवारको अभिलेख राखे नराखेको ।
१४) नेपाल चार्टर्ड एकाउन्टेन्टस् संस्थाबाट जारी विद्यालय लेखा परीक्षण निर्देशिकालाई अबलम्बन गरी विस्तृत प्रतिवेदन तयार गर्नु पर्नेछ ।
१५) ले.प.आफुले लिनु पर्ने विभागिय स्वीकृत नलिएमा स्वयम जिम्मेवार हुनु पर्ने छ ।
१६) लेखापरीक्षण गरेवापतको पारीश्रमिक प्रतिवेदन पेश भए पश्चात (अक्षयकोष लगायत साल सालि सर्ने खालको रकम वा विद्यालयमा रहने निश्चित कोष ले.प. गर्नु पर्ने तर सोको पारिश्रमिक गणना नगरी) हुन आउने रकमको रु.१००/- को रु.०/२५ (अधिकतम)का दरले नियमानुसार सम्बन्धित विद्यालयहरुवाट प्रतिवेदन पेश गरेपछि मात्र भुक्तानी पाइनेछ। तोकिए भन्दा बढी रकम दावी गर्न पाईने छैन । पारिश्रमिक गणना सम्वन्धित वर्षको वजेट खर्चलाई मात्र आधार मानि एकीन गर्नुपर्नेछ । सो पारीश्रमिकको १५ प्रतिशत रकम पारीश्रमीक कर खातामा जम्मा गर्ने गरि सम्बन्धित विद्यालयमानै कर कट्टा गरी लिनु पर्ने छ वा ले.प. प्रतिवेदनमा कर दाखिलाको दोश्रो प्रति भौचर अनिवार्य संलग्न गर्नु पर्ने छ। लेखापरीक्षकले आफुलाई नियुक्ति पत्रमा तोकिदिएको विद्यालयहरुको मात्र लेखापरीक्षण सम्पन्न गर्नुपर्नेछ। तोकिएको समय भित्र लेखा परीक्षण सम्पन्न गरी प्रतिवेदन विद्यालय एवं न.पा.मा पेश नगरेमा सम्बन्धित लेखापरीक्षकको नियुक्ति वदर गरी कार्यसम्पादन सन्तोषजनक गरेका अन्य सूचीकृत लेखापरीक्षकलाई तोक्न सकिने व्यहोरा समेत जानकारीकालागि अनुरोध छ ।

कौशल राज घिमिरे
अधिकृत स्तर छैठौं तह

F: School's Audit Ap. letter 076.77

२०७७/०८/२९
न.पा.को अधिकृतको दस्तखत
उप सचिव

पत्रमा भएको व्यहोरा अनुरार गर्ने गरी पत्र बुझि लिनेको दस्तखत ............... नाम, थार: .............................. सम्पर्क नं. ......

Scanned with CamScanner